# प्रेस विज्ञप्ति

## मुक्तिनाथ विकास बैंकको मुक्तिभाई

**मिति २०७७/०८/२८**

मुक्तिनाथ विकास बैंकले आज बैंकको लोगोको प्रतिक**"मुक्तिभाई"**नामक नयाँ ब्राण्ड मस्कट सार्वजानिक गरेको छ । आगामी दिनमा बैंकले सोही मस्कटलाई ब्राण्ड बनाएर आफ्नो विभिन्न सेवा , सुविधा, प्रडक्टहरुको प्रचार प्रसार गर्ने बैंकले जनाएको छ ।

बैंकका अध्यक्ष श्री भरतराज ढकाल र प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेलद्धारा संयुक्त रुपमा एक कार्यक्रम मार्फत बैंकको मस्कट सार्वजनिक गरिएको हो । उक्त कार्यक्रममा बैंकका संस्थापक शेयरधनीहरु तथा उच्च व्यवस्थापनका कर्मचारीहरुको उपस्थिति रहेको थियो । बैंकको फेसबुक पेजबाट सोही कार्यक्रमको लाइभ प्रसारण गरिएको थियो ।

विकास बैंकले कोरोनाको संक्रमणबाट सुरक्षित भई डिजिटल बैंकिङ्ग कारोबार र प्रणालीलाई प्रोत्साहन गर्न VISA Network अन्तर्गतको जुन सुकै बैंकको ATM बाट विनाकुनै शुल्क रकम झिक्न सकिने व्यवस्था गरिएको छ । त्यसै गरी मोबाईल बैंकिङ्ग, क्यूआर कोड स्क्यान, अनलाईन कर्जा आवेदन, अनलाईन खाताखोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मा आदि जस्ता कार्यहरु बैंकको शाखामा उपस्थित नभई घरबाट गर्न सकिने व्यवस्था गरिएको छ । हाल विकास बैंकको १३८ ओटा शाखा कार्यालयहरु रहेका छन् ।

प्रमुख सुचना अधिकारी
श्री तिलबहादुर गुरुङ्ग